# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ १४ गते ०८ साल

भाग ४

## सूचना

०८।१०।८।२

माननीय कृषिमन्त्री श्रीगणेशमानजी केही महीनाअघि पोखरा जानुभएको थियो, त्यस वेला पोखराको कृषि, फलोत्पादन, मत्स्यपालन र पशुपालन-विषयमा उन्नति हुन सक्ने देखेर प्रभावित हुनुभएको थियो । त्यसको अध्ययन जाँचबुझ निमित्त कृषिमन्त्रालयका सेक्रेटरी भक्तबहादुर रायमाझीका साथ विशेषज्ञहरूको एक दल हवाई मार्गद्वारा पोखरा प्रस्थान भएको छ । Point 4. योजनाअन्तर्गत संयुक्तराष्ट्रबाट आउनुभएका कृषिका विशेषज्ञ Mr. Paul D. Rose साथ जानुभएको छ । यो पार्टीले पोखराको कृषिविकाशसम्बन्धी बहुमुखी योजना अध्ययन, जाँचबुझ गरेर पेश गर्नेछ र चाँडै नै सो लागु पनि गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

विजयपुर बाँध र कुलोबाट मजेरी पाटनको विस्तृत फाँटमा पानी पुगी सिंचाईद्वारा त्यहाँ खेती उन्नत तरीकाले हुन सक्ने हुनाले सो बाँध कुलो चाँडै खतम गर्न इन्जीनियर र ओभरसीयरका एक पार्टी पनि साथ गएका छन्। यो साल बजेटमा देशका विभिन्न इलाकाका सिंचाई योजनाहरूलाई विशेष महत्व दी निकाशा दिइएको छ। पोखरा कृषि योजना विकाश विषय अध्ययन जाँच बुझ गर्न जाने पार्टीहरू पोखरा प्रस्थान गरेको सूचना प्रकाशन। — —

| | | |
|---|---|---|
| १. | कृषिमन्त्रालयका से. भक्तबहादुर रायमाझी | १ |
| २. | प्वाइन्ट फोर योजना विषय संयुक्तराष्ट्र अमेरिकाबाट आउनुभएको कृषिविशेषज्ञ मि. पाउल डि. रोज | १ |
| ३. | कृषिविभागका डाइरेक्टर गङ्गाविक्रम सिजापति | १ |
| ४. | चीफ इरिगेशन इन्जिनियर कर्तारसिंह गर्चा | १ |
| ५. | कृषिविशेषज्ञ श्रीचन्द्रवीर गुरुंग | १ |
| ६. | फलफूल विशेषज्ञ श्रीसत्यलाल | १ |
| ७. | पशुपालन विशेषज्ञ श्रीगौरीप्रसाद | १ |
| ८. | मत्स्यपालन विशेषज्ञ श्रीरोहितबहादुर | १ |
| ९. | कृषि इन्जिनियर श्रीहुतराम वैद्य | १ |
| १०. | सुपरिन्टेन्डीङ इन्जिनियर श्रीमेदिनीनाथ | १ |
| ११. | हाकिम केदारमान | १ |
| | र अरू ओभरसियरहरू र कामदारसमेत | |

सेक्रेटरी—
कृषि पशुपालन र नहरमन्त्रालय.

गोरखापत्र छापाखानाबाट प्रकाशित

१४०-B
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।